वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## मिति २०८०।०१।२७ गतेको १९ औ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न. १: यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

निर्णय न. २: गिट्टी बालुवाको ठेक्का व्यवस्थापन सम्बन्धमा

मिति २०८०/०१/२६ गतेको नगरस्तरिय अनुगमन समितिको प्रतिवेदनको आधारमा नगरपालिका र रोयल विल्डर्स वी.न.पा. ३ सुर्खेत बिच भएको सम्झौता अनुरुप वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्रको झुप्रा खोला र भेरि नदीबाट Backhoe Loader प्रयोग गरि निश्चित परिमाणमा नदिजन्य ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन गर्न दिने ।

निर्णय न. ३. घण्टाघरको ठेक्का व्यवस्थापन सम्बन्धमा

वीरेन्द्रनगर नगरपालिकाको अति महत्वपूर्ण संरचनाको रुपमा रहेको घण्टाघर र सोको पार्कको संचालन तथा व्यवस्थापन वीरेन्द्रनगर नगरपालिका वडा नम्वर १ बस्ने पर्यटन व्यवसायी चिन्तामणी शर्मावाट हुँदै आएकोमा उक्त १० वर्षको संचालन अवधी मिति २०६८।०४।२५ देखि शुरु भई मिति २०७८।०४।२४ मा समाप्त भएपछि कार्यालयले प्रतिस्पर्धाको प्रवर्द्धन हुने गरि नयाँ आय ठेक्कामा लगाई कार्यान्वयन प्रकृया अगाडी बढाउने क्रममा व्यवसायी चिन्तामणी शर्माले आफ्नो सम्झौता कायम रहेको लगायतका विभिन्न मागदावी पेश गरि कार्यालयको निर्णयका विरुद्धमा सम्मानित उच्च अदालत सुर्खेतमा रिट निवेदन पेश गर्नुभएकोमा सम्मानीत उच्च अदालत सुर्खेतको मिति २०७९।०७।०२ को निर्णयवाट उहाँको दाबी नपुग्ने फैसला सहित निर्णय सहितको पत्र यस कार्यालयलाई प्राप्त भएको हुँदा निज व्यवसायी चिन्तामणी शर्मालाई कानून वमोजिम हटाई घण्टाघर खाली गराउनु साथै घण्टाघरको कम्पाउन्ट वाल पुर्ननिर्माणको कार्य कार्यालयको तर्फबाट ठेक्का टेण्डर भई कार्य अघी बढेको हुँदा पार्क

२०८०।१।२७

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

व्यवस्थापन लगायतको कार्य कार्यालयका तर्फबाट अघी बढाई हाल अन्य प्रयोजनका लागि प्रयोग गर्न नसकिने भएकाले सहारा निर्माण सेवासँग भएको ठेक्का सम्झौता अन्त्य गर्ने र अन्य विषयका सम्बन्धमा द्विपक्षिय समझदारीमा कानून बमोजिम प्रक्रिया अगाडी बढाउने ।

**निर्णय न. ४: बसपार्कको ठेक्का व्यवस्थापन सम्वन्धमा**

बसपार्कसँग सम्बन्धित मुद्दाको पेशि सम्बन्धमा सहज रुपमा सूचना प्राप्त गरि तोकिएको मितिमा हाजिर हुने गरि यस नगरपालिकाको राजश्व उप-शाखा प्रमुख विष्णु प्रसाद आचार्यलाई वारेसनामा दिने । हाल ठेक्का परेको व्यवसायी निर्धारित समयभित्र सम्झौता गर्न नआएको हुँदा BID Security बाट जफत गरि कालोसुचिमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय न. ५: कर्णाली बसपार्कको निर्माण प्रक्रिया सम्वन्धमा**

वीरेन्द्रनगर नगरपालिका, वडा नं. १ बांगेसिमल नजिक कर्णाली बसपार्क निर्माणका लागि यस अघि नगरपालिकाबाट रु ५,००,०००/-विनियोजन समेत भईसकेको हुँदा उक्त बजेटबाट DPR र IEE गर्ने साथै सो क्षेत्रमा बसपार्क निर्माणको कार्य गर्न भोगाधिकारको लागि संघिय र प्रदेश सरकारसँग अनुरोध गर्दै आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय न. ६: नगर क्षेत्रभित्रका सिसिटिभिको मर्मत तथा जडान सम्वन्धमा**

कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर नगरपालिकामा सुरक्षाका दृष्टिकोणले समेत महत्वपूर्ण रहेका नगरक्षेत्रका चोक एंव सार्वजनिक स्थलहरुमा नगरपालिकाको आन्तरिक श्रोतबाट विगतमा सिसिटिभी जडान गरि संचालन भईरहेकोमा र उक्त सिसिटिभि लाईनहरु विभिन्न कारणले बिग्रन गई सुरक्षामा चुनौती भएको साथै जिल्ला प्रहरी कार्यालय, सुर्खेतको च.न. ४९४ मिति २०७९/१२/१९ को पत्रबाट CCTV मर्मतका लागि सहजिकरण गरिदिन माग भई आएको हुँदा नगरक्षेत्रभित्रका सि.सि.टि.भी. हरु मर्मत गरि सञ्चालनमा ल्याउने ।

**निर्णय न. ७: ट्राफिक लाईट व्यवस्थापन सम्बन्धमा**

नगरपालिकाको अतिव्यस्त क्षेत्र मंगलगढी चोक र यरीचोकमा ट्राफिक लाईट जडानका लागि प्रदेश प्रहरी कार्यालयसँग समन्वय गरि निर्माण कार्य अगाडी बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

## निर्णय न. ८: खानेपानी र विद्युतको बक्यौता महशुल भुक्तानी सम्वन्धमा

यस वीरेन्द्रनगर नगरपालिका, अन्तर्गतका स्वास्थ्य संस्था, सिटी हल, सडक बत्ति तथा नगरपालिकाको विभिन्न शाखाहरु रहेको जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेतको विद्युत महशुल र खानेपानी महशुल हालसम्म पनि भुक्तानी नगरेको देखिएको र सो रकम भुक्तानी गर्नु नगरपालिकाको दायित्व भएको र भुक्तानी ढिलाई हुँदा दिनानुदिन जरिवाना थपिदै गई थप आर्थिकभार पर्न सक्ने र अर्कोतर्फ विद्युत लाईन र खानेपानीको लाईन काटिन गई सेवा प्रवाहमा असर पर्न सक्ने भएको हुँदा हालसम्म नगरपालिकाको नाममा रहेको बिल अनुसारको जरिवाना सहितको विद्युत महशुल र खानेपानी महशुल भुक्तानी गर्ने । अव उपरान्त त्यस्तो रकम नियमित भुक्तानी गरी अनावश्यक व्ययभारबाट बच्न पुर्वसावधानी अपनाउन निर्देशन दिने ।

## निर्णय न. ९: विभिन्न कार्यालयबाट माग भई आएको खर्च भुक्तानी सम्वन्धमा

जिल्ला मालपोत कार्यालय सुर्खेतबाट भुक्तानीको लागि माग भई आएको कार्यालय व्यवस्थापन खर्च वापतको रु ३,९७,५५९/-(अक्षरुपी रु तीन लाख सन्तानव्वे हजार पाँच सय उनन्साठी) र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट माग भई आएको सवारी मर्मत वापतको रु २,५०,०००/- (अक्षरुपी दुई लाख पचास हजार मात्र) गरि जम्मा ६,४७,५५९/- (छ लाख सठचालिस हजार पाँच सय उनन्साठी मात्र) भुक्तानी गर्ने ।

## निर्णय न. १०: सिटि बसपार्कको विद्युत बक्यौता भुक्तानी सम्वन्धमा

हाल सिटी बसपार्क सम्बन्धि कार्य नगरपालिकाबाटै गरिदै आएकोमा बसपार्कमा विगत केही समयदेखि विद्युत महशुल नवुझाएको सोको जरिवाना समेत दिनानुदिन बढ्दै गएको अवस्थाका साथै विद्युत लाईनलाई वसपार्कमा नियमित गर्नको लागि सम्वन्धित ठेकेदारसँग कुनै बाँकी बक्यौता रकम भए कानूनी प्रक्रियाबाट असुल उपर गर्ने गरि हाल विद्युत सेवा प्रवाहलाई नियमित गर्न कार्यालयबाट भुक्तानी भईसकेको रकम रु ६,९८,३९४/- (अक्षरुपी छ लाख अन्ठानव्वे हजार तीन सय चौरानव्बे मात्र) लाई अनुमोदन गर्ने ।

## निर्णय न. ११: सेनिटरी प्याड व्यवस्थापन सम्बन्धमा

नगर क्षेत्रभित्रका छात्राहरुको संख्या तुलनात्मक रुपमा धेरै भएका विद्यालयहरुमा भेन्डिङ मेसिन खरिद गरि सन्चालनमा ल्याउनका लागि सामुदायिक विद्यालयमा सेनेटरी प्याड व्यवस्थापन शिर्षक तर्फको ४७ लाख ठेक्का टेण्डरबाट बचत रकम रु २० लाखबाट व्यवस्थापन हुने गरी भेन्डिङ मेसिन र डिस्पोज गर्नका लागि

२०८१।१२।२८

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

चिम्नी खरिद गर्ने र विद्यालय संचालनमा नरहेका बखत स्वास्थ्य संस्थाबाट सहज रुपमा वितरणको व्यवस्थापन मिलाउने ।

निर्णय न. १२: गौशालाको पेश्की रकम उपलव्ध गराउने सम्वन्धमा

वी.न.पा. वडा न. १० भेरी घाट नजिक गौशाला व्यवस्थापन सम्बन्धी सुन्दर कर्णाली गौशाला निर्माण उपभोक्ता समितिले सम्झौता बमोजिम कार्य गर्न पेश्की रकम माग गरेकोमा सामान्यतया उपभोक्ता समितिलाई पेश्की रकम दिने प्रचलन नभएतापनि नगरको अति महत्वपुर्ण र प्राथमिकताप्राप्त योजना भएकोले उक्त योजना कार्यान्वयनको लागि हाललाई सम्झौता रकमको २५ प्रतिशत सम्म पेश्की दिने ।

निर्णय न. १३: निर्देशिका संशोधन सम्बन्धमा

यस नगरपालिकाको भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्बन्धी निर्देशिका,२०७६मा डिप ट्युवल तथा डिप वोरिङ गर्दा पाईपको आकारका बारेमा उल्लेख नभएको हुँदा यस कार्यविधिको दफा (८) उपदफा (१३) पश्चात (१४) कायम गरी देहाय बमोजिम व्यवस्था थप गरी कार्यान्वयन गर्ने ।

निम्न

१४. भूमीगत स्रोतको पानी उपयोगका क्रममा ट्युवेल तथा डिप बोरिङ गर्दा प्रयोग गर्ने पाईपको साईज देहाय बमोजिम हुनेछ :

- सार्वजनिक प्रयोजन (२५ भन्दा बढि घरधुरीमा) खानेपानी विस्तार गर्ने प्रस्ताव पेश भएमा ८ ईन्ज
- अन्य प्रयोजनमा ६ ईन्च

निर्णय न. १४: अधुरा ठेक्का व्यवस्थापन सम्वन्धमा ।

विभिन्न आर्थिक वर्षमा सन्चालित ठेक्काहरु मध्ये अधुरा रहेका र म्याद समाप्त भएका ठेक्काको सम्वन्धमा पुर्वाधार विकास समितिबाट एक हप्ता भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने र सो को आधारमा आगामी कार्यपालिका बैठकमा निर्णय गर्ने ।

२०८१/१/२४

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय न. १५: विविध

(क) यस नगरपालिकाको १२ औं नगर सभाबाट विनियोजित विभिन्न विद्यालयको शौचालय निर्माण सहकार्य शिर्षक मा रु ७,००,०००। (अक्षरुपी सात लाख) विनियोजन भएको तर स्याक नेपालसँग पावर परियोजना प्रभावकारी कार्यान्वयनका लागि भएको समझदारी पत्रमा विपन्न परिवारलाई स्वास्थ्य तथा सरसफाई सम्वन्धी संरचना निर्माण तथा मर्मत सुधार (शौचालय) कृयाकलापमा रु ७,००,०००। (अक्षरुपी सात लाख) सहकार्य गर्ने समझदारी भएकोले स्याक नेपालबाट प्रस्तावित कृयाकलापमा सहकार्य गर्ने गरि शिर्षक परिवर्तन गरि वडा नं. १० र १२ कार्यालयबाट छनौट भएका व्यक्तिहरुको शौचालय सुधारमा सहकार्य गर्ने ।

(ख) वी.न.पा.वडा नं. ०८ स्थित गुराँस पार्क निर्माणको लागि चालु आर्थिक वर्षमा डिभिजन वन कार्यालय सुर्खेतबाट रु.२० लाख विनियोजित भई यस नगरपालिकासँग लागत सहभागितामा पार्क निर्माणको कार्य गर्ने योजना तथा कार्यक्रम रहेको सन्दर्भमा यस नगरपालिकाको दायित्व अन्तर्गको प्राविधिक लागत बमोजिमको रु.२३,२१,२५०/- रकम नगरपालिकाको चालु वर्षको ठेक्का न.(NCB/BM/079-080/WORKS/12) बाट बचत र उपत्यका नगर विकास समितिसँगको लागत सहभागीता रहने गरी बजेटको सुनिश्चितता भएकाले कार्य प्रारम्भ गर्ने।

(ग) वीरेन्द्रनगर नगरपालिका वडा न. ८ को चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम शैक्षिक क्षेत्र विकास तथा विद्यालय अनुदान अन्तर्गत विनियोजित रु.१५ लाख बजेट मध्येबाट श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खजुरा र श्री सिद्ध बहिरा बालकको स्कूललाई शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा खेलकुद शाखाको सिफारिसमा शिक्षण सिकाई अनुदान उपलब्ध गराउने ।

(घ) वी.न.पा.वडा नं. १३ स्थित अत्यावश्यकीय सरसफाई लगायतको कार्यमा भ्याकु लोडर संचालन गरी विगत देखि कामकाज भईरहेकोमा मिति २०७९ फाल्गुन मसान्तदेखि उक्त भ्याकु लोडर संचालनमा संलग्न सहायक अपरेटर नभई सेवा प्रवाहमा गम्भिर असर परेकोमा २०७९ चैत्र देखि वडा कार्यालयले उपयुक्त जनशक्ती नियमानुसार करार गरि वडाकै चालु आ.व.को उपयुक्त बजेट शिर्षकबाट खर्च लेखि सेवा प्रवाहमा सहजता ल्याउन गरेको प्रस्तावलाई स्वीकृत गरियो।

२०७९/१२/२६

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(ङ) यस नगरपालिकाको विभिन्न वडा कार्यालयबाट सिफारिस भई आएका चालु आ.व. २०७९/८० को बजेट, योजना तथा कार्यक्रममा उल्लेखित देहायका योजना संसोधन गरि तपसिल बमोजिम कायम गर्ने ।

| क्र.स | वडा न | हालको योजना | रकम | संसोधन भई कायम हुने योजना |
|---|---|---|---|---|
| १ | १ | संस्थागत विकास तथा सुशासन (३) अनुगमन तथा मुल्यांकन कार्यक्रम | १४००००। | देउतीस्थान चोक उत्तर हस्पिटल जाने चोकको दक्षिण अधुरा नाला निर्माण |
| २ | १ | वातावरण तथा विपद व्यवस्थापन (१) दिपमाला तटवन्धन | २५००००। | दिपमाला विद्यालय जाने बाटो विद्यालय गेट तथा फिल्ड व्यवस्थापन |
| ३ | ४ | सडकककका पोलहरु स्थानान्तर तथा जिर्ण पोल व्यवस्थापन | २५००००। | सडकका पोलहरुमा विजुली जडान तथा मर्मत |
| | ४ | पुनस्थापना राहत तथा आकस्मिक सहयोग कार्यक्रम | १०००००। | सडकमा परेको घर भत्काउँदा क्षतिपुर्ती वापतको रकम भुक्तानी |
| ४ | १५ | वी न पा १५ र १६ जोड्ने भिर सडक निर्माण | ६ लाख | विभिन्न सडक तटबन्धनका लागि ग्याबिन तार खरिद कार्य |
| | १५ | १२ औ सभाबाट विनियोजित कचबे निर्माण कार्य | ७ लाख | वडा कार्यालय जाने बाटो स्तरोन्नती |

८०।१।२८

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| ५. | १० | म्याचिङ फण्ड कार्यक्रम | २० लाख अन्तर्गत |
|---|---|---|---|
| | | १) भूवानपुर टोल कुवा मर्मत तथा पहुँचमार्ग निर्माण १ लाख<br>२) जनचेतना प्रा.वि. शौचालय मर्मत ५० हजार<br>३) कुन्टी गाउ कुवा मर्मत ६० हजार<br>४) लालिगुरास टोल नाला निर्माण ३ लाख<br>५) वडाको बिभिन्न स्थानको लागि हयुम पाईप खरिद ३ लाख<br>६) वेलघारी, वामेखोला, सानो सुर्खेत, जनसेवा मा.वि मा डिप बोरिंग संचालनको लागि पाईप तथा अन्य समाग्रि खरिद ५ लाख<br>७) शान्ति टोल कृषि सिचाई ४० हजार<br>८) भृजनशिल टोल खानेपानि ईनार निर्माण १ लाख<br>९) नयागाउ पुरानो देउति बज्यै मन्दिर जाने सडक निर्माण १लाख<br>१०) शितलनगर टोल सडकमा स्लेप निर्माण ३ लाख ५० हजार<br>११) आधारभूत स्वास्थ्य उपचार केन्द्र संरचना निर्माण १लाख | |

(च) यस नगरपालिकासँग सहकार्यका लागि अनुरोध गरेका देहायका संघ संस्थाहरुलाई देहाय वमोजिमको शिर्षकबाट सहकार्य गर्ने गरि विल भुक्तानी गर्ने ।

| क्र.स. | प्रस्तावक संस्था | सहकार्य रकम | सहकार्य हुने शिर्षक | कै |
|---|---|---|---|---|
| १ | पतन्जली योग समिति सुर्खेतलाई योग शिविर संञ्चालन | १००,०००। | नगर गौरव राष्ट्रिय तथा प्रादेशिक कार्यक्रम सहकार्य | |
| २ | मानव अधिकार एलाइन्स कर्णाली प्रदेश | ७५,०००। | नगर गौरव राष्ट्रिय तथा प्रादेशिक कार्यक्रम | |

२०८०/९/२६
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | प्रदेश अधिवेशन कार्यक्रम | | सहकार्य | |
| ३ | नेपाल गन्धर्व विकास संघ सुर्खेत झलकमान गन्धर्व स्मृती समारोहमा कलाकार यातायात खर्च | ३६,०००। | कला साहित्य कार्यक्रम संचालन सहकार्य | |
| ४ | मदन भण्डारी स्पोर्टस एकेडेमी रेसलिङ्ग राष्ट्रिय स्तरको खेल कार्यक्रम | १,००,०००। | अन्य संस्था सहायता | |
| ५ | ज्येष्ठ नागरिक राष्ट्रिय सम्मेलन | १,००,०००। | ज्येष्ठ नागरिक साझेदारी कार्यक्रम (१२ औ नगरसभाबाट स्वीकृत) | |
| ६ | पाँचमुले खानेपानी उपभोक्ता समिति वडा न १३ | १,००,०००। | गैर वित्तिय संस्थाहरुलाई पूँजीगत सहायता | |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख